# सन्धिखर्क नगरपालिका

## नगरसभाको १६ औं अधिवेशनको निर्णय पुस्तिका

## प्रमाणीकरण मितिः २०८१/०३/२१

सन्धिखर्क नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची

CamScanner

स्थान: सन्धिखर्क नगरपालिकाको सभाहल
समय: दिनको १.०० बजे

आज मिति २०८१/०३/१० गतेका दिन सन्धिखर्क नगरपालिकाको नगर सभाको १६ औं अधिवेशनको पहिलो बैठक सन्धिखर्क नगरपालिकाका नगरसभाका अध्यक्ष एवं नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरूको उपस्थितिमा बस्यो ।

| सि.नं | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगरसभा अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | नगरसभा उपाध्यक्ष | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋपव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद वन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता वस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री वसन्त नेपाली | |
| २२. | सदस्य | श्री सुन्तली श्रेष्ठ | |
| २३. | सदस्य | श्री भगवता पाण्डे सुनार | |
| २४. | सदस्य | श्री धर मुखिया | |

| सि.नं | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| २५. | सदस्य | श्री बाबुराम पन्थी | |
| २६. | सदस्य | श्री बिष्णु माया मरासिनी (भुसाल) | |
| २७. | सदस्य | श्री निर्मला नेपाली | |
| २८. | सदस्य | श्री खिम बहादुर मुखिया | |
| २९. | सदस्य | श्री दामोदर पौडेल | |
| ३०. | सदस्य | श्री पुन कला सोमै | |
| ३१. | सदस्य | श्री पार्वता नेपाली | |
| ३२. | सदस्य | श्री कुलदिप राना | |
| ३३. | सदस्य | श्री टेकलाल गिरी | |
| ३४. | सदस्य | श्री कमला दर्जी | |
| ३५. | सदस्य | श्री शेर बहादुर खत्री | |
| ३६. | सदस्य | श्री चोप नारायण श्रेष्ठ | |
| ३७. | सदस्य | श्री बसन्ता कुमारी कुमाल कुम्भकार | |
| ३८. | सदस्य | श्री सावित्रा वि.क | |
| ३९. | सदस्य | श्री तुल बहादुर घर्ती | |
| ४०. | सदस्य | श्री कृष्ण भुसाल | |
| ४१. | सदस्य | श्री हुमकला पहराई | |
| ४२. | सदस्य | श्री राधा नेपाली | |
| ४३. | सदस्य | श्री लेख बहादुर खत्री क्षेत्री | |
| ४४. | सदस्य | श्री नन्दलाल विश्वकर्मा | |
| ४५. | सदस्य | श्री मीना ज्ञवाली | |
| ४६. | सदस्य | श्री पुष्पा नेपाली | |
| ४७. | सदस्य | श्री डुक लाल पोखेल | |
| ४८. | सदस्य | श्री मनकला वि.क | |
| ४९. | सदस्य | श्री कृष्ण प्रसाद पराजुली | |
| ५०. | सदस्य | श्री देवि खड्का | |
| ५१. | सदस्य | श्री सिमा परियार | |
| ५२. | सदस्य | श्री विष्णु प्रसाद आचार्य जैसी | |
| ५३. | सदस्य | श्री नारायण बहादुर रायमाझी | |
| ५४. | सदस्य | श्री तारा चौहान नेपाली | |

| सि.नं | पद | नामथर | हस्ताक्षर |
| --- | --- | --- | --- |
| ५५. | सदस्य | श्री ईश्वरी प्रसाद मरारिनी | |
| ५६. | सदस्य | श्री हरिलाल पराजुली | |
| ५७. | सदस्य | श्री निर्मला भुसाल | |
| ५८. | सदस्य | श्री करुणा वि.क. पाण्डे | |
| ५९. | सदस्य | श्री तुल बहादुर कुँवर | |
| ६०. | सदस्य | श्री कृष्ण वहादुर चुदाली | |
| ६१. | सदस्य | श्री खिमकला कुवँर | |
| ६२. | सदस्य | श्री मिना श्रेष्ठ | |
| ६३. | सदस्य | श्री राम वहादुर वस्याल | |
| ६४. | सचिव | श्री खुमलाल भुसाल | |

## नगरसभाको १६ औं अधिवेशनको पहिलो बैठकका निर्णयहरू

निर्णय नं. १

मिति २०८१/०३/०९ को नगर कार्यपालिका बैठकबाट स्वीकृत भइ सन्धिखर्क नगरपालिकाको नगरसभाको १६ औं अधिवेशनको पहिलो बैठकमा नगर प्रमुखबाट प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम संशोधन सहित स्वीकृत गर्ने ।

**सन्धिखर्क नगरपालिकाका प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठद्वारा**

**नगर सभाको सोह्रौं अधिवेशनमा प्रस्तुत**

**आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम**

**सन्धिखर्क नगरपालिका**

**सन्धिखर्क, अर्घाखाँची**

**१० असार, २०८१**



CamScanner

# सन्धिखर्क नगरपालिका, अर्घाखाँची

## आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम

नगर सभाका उपाध्यक्षज्यू, नगर सभाका सचिवज्यू, नगर सभाका सदस्यज्यूहरू तथा उपस्थित सम्पूर्ण कर्मचारी मित्रहरू,

सन्धिखर्क नगरपालिकाको नगर सभाको सोह्रौं अधिवेशनमा यहाँहरू सम्पूर्णलाई हार्दिक स्वागत गर्दछु।

सन्धिखर्क नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको सोह्रौं अधिवेशनमा प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा म नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सन्धिखर्कवासी आमाबुबा, दाजुभाइ, दिदीवहिनीहरूको अमूल्य मत प्राप्त गरी निर्वाचित भएको दोश्रो वर्ष पार गर्दै गर्दा यस अवधिमा नगरको समग्र विकास र समृद्धिको मार्गमा लागिरहन हामीलाई उत्प्रेरित गर्नुहुने सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु । यस अवधिमा सन्धिखर्क नगरपालिकाको संरचनागत, नीतिगत, कानुनी, प्रशासनिक तथा समग्र व्यवस्थापकीय क्षेत्रमा थप सुधारका कार्यहरूको थालनी गरिएको छ । अघिल्लो कार्यकालमा सुरु गरिएका योजना तथा कार्यक्रमको निरन्तरता र शीघ्र सम्पन्न गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ । यसका अतिरिक्त सन्धिखर्क नगरपालिका क्षेत्रमा अत्यावश्यक भौतिक पूर्वाधारको विकास र फोहरमैलाको दीर्घकालीन व्यवस्थापनको लागि कार्य अगाडि बढाइएको छ । नगर सभा र नगर कार्यपालिका अन्तर्गतका विषयगत समितिहरूको भूमिकालाई थप प्रभावकारी र कार्यमूलक बनाउने विषय समेत क्रमशः संस्थागत हुँदै गएको छ । सूचना प्रविधिको अधिकतम उपयोगले नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूबाट प्रवाह हुने सेवा चुस्त, छरितो र पारदर्शी बन्न पुगेको छ । यसबाट आम सेवाग्राहीहरू लाभान्वित हुने परिस्थिति निर्माण भएको छ।

आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, १६ औं योजनाको आधारपत्र, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८, राष्ट्रिय योजना आयोग तथा सङ्घीय मन्त्रालयहरूका मार्गदर्शनहरू, लुम्बिनी प्रदेशको नीति तथा योजना आयोग र मन्त्रालयहरूका नीति, प्राथमिकता र मार्गदर्शनहरू, दिगो विकासका लक्ष्यहरू, सङ्घ तथा प्रदेश सरकारका समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधिहरू, सङ्घीय तथा प्रदेश सरकारका नीतिहरू, नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धि तथा सन्धिहरू र त्यसबाट सिर्जित दायित्वहरूलाई समेत आधार बनाईएको छ ।

नेपालको संविधानले परिलक्षित गरेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, सन्धिखर्क नगरपालिकाको प्रथम आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनाले निर्दिष्ट गरेको दीर्घकालीन सोंच, नीति तथा रणनीतिहरूले प्रस्तुत नीति तथा कार्यक्रमलाई दिशानिर्देश गर्न अहम भूमिका निर्वाह गरेका छन् । साथै स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति, विभिन्न विषयगत समितिहरूमा भएको छलफल र निर्णय समेतको आधारमा यो नीति तथा कार्यक्रम तयार गरिएको छ । यसै सिलसिलामा प्रतिनिधि सभा, राष्ट्रिय सभा तथा प्रदेश सभाका माननीयज्यूहरू, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, प्राध्यापक, शिक्षक लगायत सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्वहरू, नागरिक समाज, सञ्चार जगत, सामुदायिक तथा सहकारी संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरू, निजी क्षेत्र, उद्योग वाणिज्य सङ्घ, चेम्बर अफ कमर्स, आम नगरवासी तथा अन्य सरोकारवालाहरूबाट प्राप्त रचनात्मक सुझाव र सल्लाहहरूलाई समेत समेटी यो नीति तथा कार्यक्रम तयार पारिएको छ ।

सन्धिखर्क नगरपालिकाको समृद्धि र विकासका लागि नेपालको संविधान तथा सङ्घीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न नगरपालिका प्रतिबद्ध छ । आम नगरवासीको सुख र समुन्नतिका लागि जनतामा आशा र भरोसा जगाउने गरी नगरपालिकाले आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको बेहोरा पुनः एक पटक म यस सम्मानित सभामा अवगत गराउन चाहन्छु । आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, रोजगारी, उद्यमशीलता, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाइ, विपद् व्यवस्थापन जस्ता विषयगत क्षेत्रहरूका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

नगर सभा सदस्यज्यूहरू,

अब म यस सम्मानित नगर सभामा चालु आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमको प्रगतिको सारसङ्क्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

1. सङ्घीय समपूरक अनुदान र नगरपालिकाको लागत साझेदारीमा वडा नं. ५, ६, ७, ८ र १२ को प्रशासकीय भवन निर्माणको लागि २०८२ कात्तिक मसान्तभित्र निर्माण सम्पन्न गर्ने गरी रू. ७ करोड ४५ लाख ९ हजार रुपैयाँमा खरिद सम्झौता भइ निर्माण कार्य प्रारम्भ भएको छ । भवन निर्माणबाट वडाबाट हुने सेवा प्रवाहलाई थप सरल, सहज, छरितो र प्रभावकारी बनाउन मदत पुग्ने विश्वास लिइएको छ ।
2. सन्धिखर्क नगरपालिकाबाट रू. ५ करोड ४४ लाख ९२ हजार लागतमा आगामी आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न गर्ने गरी निर्माण सुरु गरिएको सन्धिखर्कस्थित मुख्य बजार क्षेत्रका सडकको स्तरोन्नति कार्य अन्तर्गत यस वर्ष करिब २.५ किलो मिटर सडक कालोपत्रे गर्ने कार्य

सम्पन्न भएको छ । यसबाट सन्धिखर्क बजार क्षेत्रलाई हिलो र धुलोमुक्त बनाउने अभियानमा टेवा पुग्ने विश्वास लिइएको छ ।

३. सङ्घीय समपूरक अनुदान र नगरपालिकाको लागत साझेदारीमा निर्माणाधीन भक्तिटोला-धरम्पानी-अर्घा मैदान सडकको ६ किलोमिटर कालोपत्रे गर्ने कार्य यसै वर्ष सम्पन्न भएको छ । यसबाट सन्धिखर्क नगरपालिकाको पर्यटन प्रवर्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

४. सङ्घीय विशेष अनुदान शीर्षकमा प्राप्त रकमबाट अर्घा भगवती आधारभूत विद्यालय, सन्धिखर्क नगरपालिका-९ को भवन निर्माण कार्य सम्पन्न भएको छ । प्रस्तुत कार्यबाट अध्ययन अध्यापनको कार्यमा सहजता आई सिकाइ उपलब्धिमा उल्लेख्य सुधार हुने वातावरण निर्माण भएको छ ।

५. सन्धिखर्क नगरपालिका र अन्य छिमेकी पालिका क्षेत्रभित्र उत्पादन हुने कृषि उपजको भण्डारण, बिक्रीवितरण र बजारीकरणमा सघाउ पुऱ्याउने उद्देश्यले रू. ७ करोड ७९ लाख लागतमा निर्माणाधीन कोल्ड स्टोरको ८५ प्रतिशत कार्य सम्पन्न भएको छ । जसबाट खाद्यसुरक्षा प्रवर्धन भइ नागरिकको मौलिक हक कार्यन्वयन तथा दिगो विकास लक्ष्यको आन्तरिकीकरणमा टेवा पुग्ने देखिन्छ ।

६. लुम्बिनी प्रदेशको प्रसिद्ध धार्मिक तथा ऐतिहासिक महत्वको अर्घा भगवती मन्दिर परिसरको पुनर्निर्माण तथा पूर्वाधार विकासको लागि विगत वर्षदेखि नै निर्माण कार्य भइरहेकोमा यस वर्ष उक्त निर्माण कार्य सम्पन्न भइसकेको छ । यसबाट नगरपालिका क्षेत्रमा धार्मिक पर्यटन प्रवर्धनमा टेवा पुग्ने देखिन्छ ।

७. सङ्घीय विशेष अनुदान शीर्षकमा प्राप्त रकमबाट चालु आर्थिक वर्षमा वडा नं. ७, ८ र ११ मा स्वास्थ्य चौकीको भवन निर्माण कार्य सम्पन्न भइसकेको छ । यसबाट सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि भएको छ ।

८. सङ्घीय समपूरक अनुदान र नगरपालिकाको लागत साझेदारीमा ७ करोड ७६ लाख लगानीमा करिब ४.५ किलोमिटर लामो ढोरपाटन वेहोरे कुर पल्लावारी दुवार गच्छे सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भइसकेको छ ।

९. लुम्बिनी प्रदेशबाट प्राप्त समपुरक अनुदान र नगरपालिकाको लागत साझेदारी सहित करिब १२ करोड लागतमा ३ वर्षमा सम्पन्न गर्ने गरी निर्माणाधीन गङ्गासरोवर क्षेत्रको जैविक विविधता तथा प्राकृतिक श्रोत संरक्षण, ऐतिहासिक तथा पुरातात्त्विक स्थानको रूपमा परिचित मथुरा स्थित जंगबहादुर राणा जन्मेको मथुरावेसी पौवा संरक्षण तथा पहुँच मार्ग निर्माण, प्राकृतिक सम्पदाको रूपमा रहेको वडा नं. ११ स्थित रक गार्डेन संरक्षण, सुपादेउराली मन्दिर परिसरमा जेष्ठ नागरिक आवास गृह तथा धर्मशाला निमार्ण, निर्मल नवज्योति सुस्त मनस्थिति विद्यालय भवन निर्माण, ऐतिहासिक चौविसे राज्य अन्तर्गतको खाँची दरबार पुनःनिर्माण तथा पहुँचमार्ग निर्माण,

गर सभा सदस्यज्यूहरू,

व म यस सम्मानित नगर सभामा आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम स्तुत गर्ने अनुमति चाहन्छु ।

. आर्थिक विकास

. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवम् प्रतिस्पर्धी बनाउन कृषि समुह, सहकारी तथा कृषि फर्महरूलाई उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम लागु गरिनेछ । व्यवसायिक कृषकहरूको समस्या पहिचान गरी समाधानको लागि विशेषज्ञ सेवा उपलब्ध गराइनेछ ।

. कृषि जैविक विविधता, रैथाने बाली, स्थानीय पशुपन्छी एवम् परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण र सदुपयोग गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।

. संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको खाद्य सुरक्षा सम्बन्धी हकको कार्यान्वयन गर्दै खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न तथा कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गरिनेछ ।

. कृषकहरूलाई कृषि पेसा प्रति आकर्षित गर्न कृषि पेसालाई मर्यादित र सम्मानित बनाउने अभिप्रायले Mindset changing सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । साथै प्रविधि हस्तान्तरण मार्फत कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गर्दै प्रतिफलमा आधारित प्रोत्साहन गर्ने नीति लिइनेछ ।

. कार्यक्रममा दोहोरोपना आउन नदिन तथा साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्न कृषि क्षेत्रका सरोकारवालाहरूबिच समन्वय गरी सहभागितात्मक योजना, बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

. सन्धिखर्क नगरपालिकाद्वारा सञ्चालित फोहोर व्यवस्थापन केन्द्रमा कुहिने फोहोरलाई प्रशोधन गरी उत्पादित प्राङ्गारिक मलमा कृषि मन्त्रालयको प्राङ्गारिक तथा जिवाणु मल निर्देशिका, २०७८ मा उल्लिखित मापदण्ड अनुसार हुनुपर्ने भौतिक तथा रासायनिक गुणको परीक्षण गरी लेवल सहित प्याकेजिङ र ब्राण्डिङ गरी आवश्यकता र प्राथमिकताका आधारमा कृषकहरूलाई वितरण गरिनेछ ।

. सन्धिखर्क १ स्थित निर्माणाधिन चिस्यान केन्द्र (Cold store) को निर्माण कार्य सम्पन्न गरी स्थानीय उत्पादनको सङ्कलन तथा भण्डारण र त्यस्तो उत्पादनको बिक्री वितरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ । यसलाई सम्भाव्यताको आधारमा कोल्ड चेम्बर एवम् थोक तरकारी तथा फलफुल बजारको रूपमा विस्तार गरिनेछ । यसका लागि नगरक्षेत्र भित्र रहेका सरहकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्यका लागि आवश्यक समन्वय गरिनेछ ।

. कृषि तथा वन पैदावारसँग सम्बन्धित उत्पादनको विकास र विस्तार गर्दै उद्यमशीलता प्रवर्धन गर्न तथा रैथाने उत्पादनको बजारीकरण गर्न नगरपालिका र जनता एग्रो एण्ड फरेष्ट्री

लिमिटेडबिच भएको सम्झौता अनुसार कार्य अगाडि बढाइने छ । यसका लागि किसान, कृषि सहकारी, कृषि फर्म सञ्चालक तथा नगरस्थित एकमात्र सहकारी बिक्री केन्द्रलाई आवश्यक प्रोत्साहन र सहजीकरण गरिनेछ ।

रैथाने तथा स्थानीय कृषि उत्पादनको प्रशोधन, भण्डारण, प्याकेजिङ, लेभलिङ तथा ब्राण्डिङ गरी खरिद बिक्री तथा बजारीकरण गर्नको लागि उत्पादन उद्यमीको बजारीकरण नगरपालिकाको अभियान सञ्चालन गरिनेछ । प्रस्तुत कार्यको लागि प्रतिष्पर्धाको माध्यमबाट सहकारी संस्थाको छनोट गरी स्थानीय कृषकहरूबाट उत्पादित अर्गानिक र रैथाने कृषि उपज खरिद बिक्री गर्ने सम्बन्धमा आवश्यक प्रवन्ध मिलाइनेछ ।

०. खेतीयोग्य तथा बाँझो जग्गा लिजमा लिई व्यावसायिक रूपमा कृषि तथा पशुपालन गर्ने कृषक/कृषक समूह/सहकारी संस्था तथा निजी फर्महरूलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१. कृषि व्यवसायलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रीकरण तथा बजारीकरण मार्फत औद्योगिकीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरी आय आर्जन बढाउनुका साथै रोजगारी श्रृजना गरी नगरपालिकालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउने कार्यक्रम लागु गरिनेछ ।

२. कृषि तथा पशुपन्छी क्षेत्रमा प्राकृतिक तथा दैवि प्रकोपको कारण क्षति भएका कृषकहरुलाई कृषि तथा पशुपन्छी विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७८ बमोजिम नगद राहत उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

३. प्रत्येक वडामा सम्भाव्यताका आधारमा पकेट क्षेत्रको विकास गर्न र माटो सुहाउँदो बालीको छनोट गर्न माटो परीक्षणको लागि शिविर सञ्चालन गरी नमुना सङ्कलन र प्रयोगशाला परीक्षणमार्फत प्राप्त नतिजाको विश्लेषण गरी क्रमशः एक वडा, एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

४. नगरपालिका भित्रका कृषकहरूलाई मिनिटिलर सञ्चालन एवम् मर्मत सम्भारको लागि आवश्यक तालिम दिने व्यवस्था मिलाइनेछ । कृषकहरूको मागको आधारमा आवश्यकता अनुसार तालिम तथा प्रविध हस्तान्तरण गरिनेछ ।

. लागत साझेदारीमा कृषकको मागमा आधारित साना कृषि मेसिनरी औजार तथा नविनतम् प्रविधि हस्तान्तरण गरी उत्पादन लागतमा कमी ल्याइनेछ । साथै कृषकहरूलाई उन्नत बिउको खरिद मूल्यमा अनुदान दिई उन्नत बिउ वितरकलाई प्रोत्साहन गरिनेछ ।

. कृषिजन्य उपजको बिक्री वितरणमा बिचौलियाबाट हुने मूल्य अपचलनलाई नियन्त्रण गरिनेछ । यसका लागि उत्पादन र बजार प्रणालीको अन्तरसम्बन्धलाई सहकारीको माध्यमबाट व्यवस्थित गरी कृषकको उत्पादन लागत र थोक तथा खुद्रा बजार मूल्य विश्लेषण गर्दै उपयुक्त बजार मूल्य प्राप्त हुने व्यवस्था मिलाइनेछ ।



CamScanner

र्णय नं. २

न्धिखर्क नगरपालिकाको नगरसभा र नगर कार्यपालिकाबाट जारी भएका ऐन, नियम, निर्देशिका, कार्यविधि ापदण्ड आदिमा विधायिकी मनसायमा फरक नपर्ने र मौजुदा सङ्घीय तथा प्रदेश कानुनसँग अनुकूल हुने गरी ाषागत शुद्धता र आनुषङ्गिक सुधार गरी कानुन सङ्ग्रह प्रकाशन सम्बन्धमा आठौं नगरसभाको निर्णयलाई ार्यान्वयन गरी हालसम्म नगरपालिकाबाट स्वीकृत कानुनहरूको सङ्ग्रह प्रकाशनका लागि कानुन सङ्ग्रह तयारी मितिबाट तपसिलमा उल्लिखित कानुनहरूको सँगालो प्रकाशन गर्ने भनी सिफारिस भइ आएको हुँदा सिफारिस मितिबाट सिफारिस भए बमोजिम तपसिलका ऐन सङ्ग्रह खण्ड-१ र २, नियम सङ्ग्रह खण्ड-१ र २ तथा ार्यविधि, निर्देशिका तथा मापदण्ड सङ्ग्रह खण्ड-१, २ र ३ प्रकाशन गर्ने सम्बन्धमा मिति २०८१/१/३१ को ०२ औं र मिति २०८१/३/९ गतेको १०५ औं नगर कार्यपालिका बैठकबाट भएको निर्णय अनुमोदन गर्ने ।

तपसिलः

ऐन सङ्ग्रह खण्ड-१

| सि.नं. | नगर सभाबाट स्वीकृत विभिन्न ऐनहरू | स्वीकृत मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| १. | प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ | २०७४/१२/३० | २०७४/१२/३० | |
| २. | कृषि तथा पशु व्यवसाय प्रवर्धन ऐन, २०७४ | २०७४/१२/३० | २०७४/१२/३० | |
| ३. | न्यायिक समितिले उजुरी तथा गुनासोको कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०७४ | २०७४/१२/३० | २०७४/१२/३० | |
| ४. | शिक्षा ऐन, २०७४ | २०७४/१२/३० | २०७४/१२/३० | |
| ५. | सहकारी ऐन,२०७४ | २०७४/१२/३० | २०७४/१२/३० | |
| ६. | सन्धिखर्क नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६ | २०७६/९/२८ | २०७६/९/२९ | |

ऐन सङ्ग्रह खण्ड-२

| सि.नं. | नगरसभाबाट स्वीकृत विभिन्न ऐनहरू | स्वीकृत मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| १. | सन्धिखर्क नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०७८ | २०७८/९/२६ | २०७८/१०/०९ | |
| २. | सन्धिखर्क नगरपालिकाको बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७८ | २०७८/९/२६ | २०७८/१०/०९ | |
| ३. | सन्धिखर्क नगरपालिकाको सामुदायिक वन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७८ | २०७८/९/२६ | २०७८/१०/०९ | |
| ४. | सन्धिखर्क नगरपालिकाको संस्था दर्ता ऐन, २०७८ | २०७८/९/२६ | २०७८/१०/०९ | |
| ५. | सन्धिखर्क नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८ | २०७८/९/२६ | २०७८/१०/०९ | |
| ६. | सन्धिखर्क नगरपालिकाको सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७८ | २०७८/९/२६ | २०७८/१०/०९ | |
| ७. | सन्धिखर्क नगरपालिकामा साबिक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ | २०७९/३/१० | २०७९/३/१० | |



CamScanner

| सि.नं. | नगरसभाबाट स्वीकृत विभिन्न ऐनहरू | स्वीकृत मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| ८. | सन्धिखर्क नगरपालिकाको जलश्रोत उपयोग सम्बन्धी उपयोग ऐन, २०७९ | २०७९/१०/०६ | २०७९/१०/०६ | |
| ९. | सन्धिखर्क नगरपालिकाको एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८० | २०८०/१०/२० | २०८०/११/०४ | |
| १०. | सन्धिखर्क नगरपालिकाको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन, २०८० | २०८०/१०/२० | २०८०/११/०४ | |
| ११. | सन्धिखर्क नगरपालिकाको सामाजिक सुरक्षा ऐन, २०८० | २०८०/१०/२० | २०८०/११/०४ | |
| १२. | सन्धिखर्क नगरपालिकाको सिँचाइ ऐन, २०८० | २०८०/१०/२० | २०८०/११/०४ | |

## नियम सङ्ग्रह खण्ड-१

| सि.नं. | नगरसभा/कार्यपालिकाबाट स्वीकृत विभिन्न नियमहरू | स्वीकृत मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| १. | निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण नियमावली, २०७४ | २०७४/०४/३२ | २०७४/०५/०२ | |
| २. | नगर कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ | २०७४/४/३२ | २०७४/०५/०२ | |
| ३. | नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ | २०७४/४/३२ | २०७४/०५/०२ | |
| ४. | शिक्षा नियमावली, २०७५ | २०७५/०१/३१ | २०७५/०१/३१ | |
| ५. | नगर प्रहरी नियमावली, २०७५ | २०७५/०१/३१ | २०७५/०१/३१ | |
| ६. | संस्था दर्ता नियमावली, २०७८ | २०७८/१२/०६ | २०७८/१२/०६ | |

## नियम सङ्ग्रह खण्ड-२

| सि.नं. | नगरसभा/ कार्यपालिकाबाट स्वीकृत विभिन्न नियमहरू | स्वीकृत मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| १. | सहकारी नियमावली, २०७९ | २०७९/०३/०५ | २०७९/०३/०५ | |
| २. | जलश्रोत उपयोग सम्बन्धी नियमावली, २०७९ | २०७९/१०/२९ | २०७९/१०/२९ | |
| ३. | सार्वजनिक खरिद नियमावली, २०७९ | २०७९/०९/२९ | २०७९/०९/२९ | |

## कार्यविधि, निर्देशिका तथा मापदण्ड सङ्ग्रह खण्ड-१

| सि.नं. | कार्यविधि निर्देशिका तथा मापदण्डको नाम | स्वीकृत मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| १. | जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७४ | २०७५/१/३१ | २०७५/१/३१ | |
| २. | उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ | २०७५/१/३१ | २०७५/१/३१ | |
| ३. | पदाधिकारीहरूको आचारसंहिता, २०७४ | २०७५/०२/०६ | २०७५/०२/०६ | |
| ४. | नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ | २०७४/०५/३० | २०७४/०५/३० | |
| ५. | बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७४ | २०७४/०५/३१ | २०७४/०५/३१ | |



CamScanner

स्थान [illegible] नगरपालिकाको सभाहल
समय दिनको ३.०० बजे

आज मिति २०८१/०३/१३ गतेका दिन [illegible] नगरपालिकाको नगर सभाको १६ औं अधिवेशनको दोस्रो बैठक [illegible] नगरपालिकाको नगरसभाका अध्यक्ष एवं नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बस्यो ।

| सि.नं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगरसभा अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २ | नगरसभा उपाध्यक्ष | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा वहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद वन्जाडे | |
| ११. | सदस्य | श्री पदम वहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता वस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान वहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री वसन्त नेपाली | |
| २२. | सदस्य | श्री सुन्तली श्रेष्ठ | |
| २३. | सदस्य | श्री भगवता पाण्डे सुनार | |
| २४. | सदस्य | श्री धर मुखिया | |

| सि.नं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| २५ | सदस्य | श्री भानुराम पन्थी | |
| २६ | सदस्य | श्री विष्णु माया मरासिनी (भुसाल) | |
| २७ | सदस्य | श्री निर्मला नेपाली | |
| २८ | सदस्य | श्री भिम बहादुर गुरिया | |
| २९. | सदस्य | श्री दामोदर पौडेल | |
| ३०. | सदस्य | श्री पुन कला सोंगे | |
| ३१. | सदस्य | श्री पार्वता नेपाली | |
| ३२. | सदस्य | श्री कुलदिप राना | |
| ३३. | सदस्य | श्री टेकलाल गिरी | |
| ३४. | सदस्य | श्री कमला दर्जी | |
| ३५. | सदस्य | श्री शेर वहादुर खत्री | |
| ३६. | सदस्य | श्री चोप नारायण श्रेष्ठ | |
| ३७. | सदस्य | श्री वसन्ता कुमारी कुमाल कुम्भकार | |
| ३८. | सदस्य | श्री सावित्रा वि.क | |
| ३९. | सदस्य | श्री तुल वहादुर घर्ती | |
| ४०. | सदस्य | श्री कृष्ण भुसाल | |
| ४१. | सदस्य | श्री हुमकला पहराई | |
| ४२. | सदस्य | श्री राधा नेपाली | |
| ४३. | सदस्य | श्री लेख वहादुर खत्री क्षेत्री | |
| ४४. | सदस्य | श्री नन्दलाल विश्वकर्मा | |
| ४५. | सदस्य | श्री मीना ज्ञवांली | |
| ४६. | सदस्य | श्री पुष्पा नेपाली | |
| ४७. | सदस्य | श्री डुक लाल पोखेल | |
| ४८. | सदस्य | श्री मनकला वि,क | |
| ४९. | सदस्य | श्री कृष्ण प्रसाद पराजुली | |
| ५०. | सदस्य | श्री देवि खड्का | |
| ५१. | सदस्य | श्री सिमा परियार | |
| ५२. | सदस्य | श्री विष्णु प्रसाद आचार्य जैसी | |
| ५३. | सदस्य | श्री नारायण वहादुर रायमाझी | |
| ५४. | सदस्य | श्री तारा चौहान नेपाली | |

| सि.नं | पद | नामथर | हस्ताक्षर |
| --- | --- | --- | --- |
| ५५. | सदस्य | श्री ईश्वरी प्रसाद मरासिनी | |
| ५६. | सदस्य | श्री हरिलाल पराजुली | |
| ५७. | सदस्य | श्री निर्मला भुसाल | |
| ५८. | सदस्य | श्री करुणा बि.क. पाण्डे | |
| ५९. | सदस्य | श्री तुल बहादुर कुँवर | |
| ६०. | सदस्य | श्री कृष्ण बहादुर चुदाली | |
| ६१. | सदस्य | श्री खिमकला कुवँर | |
| ६२. | सदस्य | श्री मिना श्रेष्ठ | |
| ६३. | सदस्य | श्री राम बहादुर वस्याल | |
| ६४. | सचिव | श्री खुमलाल भुसाल | |

## नगरसभाको १६ औं अधिवेशनको दोश्रो बैठकका निर्णयहरू

**र्णय नं. १**

ति २०८१/०३/०९ गतेको नगर कार्यपालिका बैठकबाट स्वीकृत भई नगर सभाको १६ औं अधिवेशनको पहिलो ठकमा प्रस्तुत भएको आर्थिक वर्ष २०८१।८२ को वार्षिक बजेट तथा कार्यक्रम संशोधन सहित स्वीकृत गर्ने ।

टः स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको विस्तृत विवरण अनुसूची-१ र २ मा उल्लेख गरिएको छ ।

**र्णय नं. २**

ति २०८१/०३/०९ गतेको नगर कार्यपालिका बैठकबाट स्वीकृत भइ नगरसभाको १६ औं अधिवेशनको पहिलो ठकमा प्रस्तुत भएको आर्थिक वर्ष २०८१/८२ को सेवा तथा कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही क्रम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०८१ संशोधन सहित स्वीकृत र्ने ।

नोटः विनियोजन विधेयक, २०८१ अनुसूची-३ मा उल्लेख गरिएको छ ।

**र्णय नं. ३**

ति २०८१/०३/०९ गतेको नगर कार्यपालिका बैठकबाट स्वीकृत भई नगर सभाको १६ औं अधिवेशनको पहिलो ठकमा प्रस्तुत भएको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय र, शुल्क, दस्तुर र जरिवाना सङ्कलन गर्न, छुट दिन तथा अन्य आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न गर्न नेको आर्थिक विधेयक, २०८१ संशोधन सहित स्वीकृत गर्ने ।

टः आर्थिक विधेयक, २०८१ अनुसूची-४ मा उल्लेख गरिएको छ ।

**र्णय नं. ४**

ार्थिक वर्ष २०८०/८१ को वार्षिक बजेटको आन्तरिक रकमान्तर सम्बन्धी प्रस्तावलाई नगर कार्यपालिकाबाट वीकृत भई पेस भए बमोजिम स्वीकृत गर्ने ।

**र्णय नं. ५**

गरसभाको १७ औं अधिवेशन हुने अवधिसम्म विपद्, महामारी, भैपरी आउने लगायतका विषयमा नगरसभाबाट हुनुपर्ने कृतिका निर्णयहरू भएमा त्यस्ता निर्णयहरू नगर कार्यपालिकाको बैठकबाट गर्न सन्धिखर्क नगर कार्यपालिकालाई धिकार प्रत्यायोजन गर्ने ।

**र्णय नं. ६**

गर कार्यपालिका र नगरसभाबाट यस पूर्व भएका निर्णयहरूको सम्बन्धमा संशोधन तथा थपघट नभएका नीतिगत र्णयहरू यथावत नै कायम हुने गरी कार्यान्वयन गर्ने।

**र्णय नं. ७**

न्धिखर्क नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरू मध्ये कार्यसम्पादनस्तर सन्तोषजनक भएका र ार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ र सन्धिखर्क गरपालिकाको करार कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८१ बमोजिम कार्यसम्पादन मूल्याङ्कनमा ८० तिशत भन्दा बढी अङ्क प्राप्त गर्ने कर्मचारीको २०८१ पुष मसान्तसम्मको लागि करार सम्झौताको म्याद थप गर्ने ।



CamScanner

निर्णय नं. ८

सन्धिखर्क नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई मिति २०७७ पौष २७ गतेको आठौं नगरसभाको दोश्रो बैठक, मिति २०७८ असार ९ गतेको नवौं नगरसभाको दोश्रो बैठक, मिति २०७९ असार ९ गतेको एघारौं नगरसभाको दोश्रो बैठक र मिति २०८० असार १० गतेको तेह्रौं नगरसभाको दोश्रो बैठकको निर्णयको आधारमा उपलब्ध गराइएका अतिरिक्त सुविधाहरूलाई तपसिल बमोजिम हुने गरी संसोधन गर्ने ।

तपसिलः

१. बारूणयन्त्र चालकलाई निजको कामको संवेदनशीलतालाई ध्यानमा राखी जोखिम भत्ता बापत प्रतिमहिना रू. ५००० (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र) र कोठा भाडा बापत प्रतिमहिना रू. २००० (अक्षरेपी दुई हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।

२. नगर प्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले प्रयोग गर्ने हलुका सवारी साधनका ३ जना चालक तथा कार्यालय समयका अतिरिक्त बिहान, बेलुका, राती र सार्वजनिक बिदाको समयमा कार्यालयको काममा खटिने १ जना कार्यालय सहयोगीलाई प्रतिमहिना रू. ४००० (अक्षरेपी चार हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।

३. प्रमुख प्रशासकीय अधिकृतको निवासमा हुने अतिथि सत्कार, कार्यालयको हेरचाह गर्ने भूमिकामा रहेका कार्यालय सहयोगी र सवारी चालक समेतको विविध खर्च (चिया, खाजा, अतिथि सत्कार, बैठक व्यवस्थापन, आदि) को लागि मासिक रू. १५००० (अक्षरेपी पन्ध्र हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।

४. सन्धिखर्क नगरपालिकामा अधिकृतस्तर सातौं तहमा कार्यरत शाखा अधिकृत-१ जना र लेखा अधिकृत-१ जनालाई कार्यालयमा आवास सुविधा उपलब्ध हुन नसकेकोले निजहरूको आवास खर्च बापत प्रतिव्यक्ति/प्रति महिना रू. ५००० (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।

५. फोहरमैला व्यवस्थापनमा खटिने सरसफाइकर्मी (टिप्पर र ट्याक्टरका चालक र सहचालक) हरूलाई कामको संवेदनशीलताको आधारमा जोखिम भत्ता बापत प्रतिमहिना रू. ३००० (अक्षरेपी तीन हजार रुपैयाँ मात्र) उपलब्ध गराउने । साथै शनिवारको दिन अतिरिक्त काम गर्ने सरसफाइकर्मीहरूलाई प्रति शनिवार रू. ५०० (पाँच सय रुपैयाँ मात्र) का दरले रकम उपलब्ध गराउने ।

६. नगर सभा र नगर कार्यपालिका बैठकको निर्णय लेखन तथा अन्य व्यवस्थापकीय कार्यमा संलग्न नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृत तथा सहयोगी कर्मचारीहरूलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराउने ।

७. नगरपालिकादेखि भौगोलिक रूपले टाढा रहेको वडा नं. ९ मा कार्यरत वडा सचिवको कार्यसम्पादन सन्तोषजनक भएमा र सम्बन्धित वडाभन्दा बाहिरबाट जानुपर्ने अवस्थामा मासिक रू. १५०० (एक हजार पाँच सय) अतिरिक्त सुविधा उपलब्ध गराउने ।

८. सन्धिखर्क नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई देहाय बमोजिम हुने गरी ईन्धन र सञ्चार सुविधा उपलब्ध गराउने ।

| सि.नं. | विवरण | मासिक ईन्धन सुविधा (लिटरमा) | मासिक सञ्चार सुविधा (रू.) | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| २ | शाखा/उपशाखा प्रमुख | १० (दश) | ५०० (पाँच सय) | |

| सि.नं. | विवरण | मासिक ईन्धन सुविधा (लिटरमा) | मासिक सञ्चार सुविधा (रू.) | कैफियत |
|---|---|---|---|---|
| ३ | ईन्जिनियर/सब ईन्जिनियर/असिस्टेन्ट सब ईन्जिनियर | १० (दश) | ५०० (पाँच सय) | |
| ४ | वडा सचिव | १० (दश) | ५०० (पाँच सय) | |
| ५ | स्वास्थ्य संस्था प्रमुख | १० (दश) | - | |
| ५ | नगरपालिका अन्तर्गत विभिन्न शाखामा कार्यरत अधिकृत तथा सहायकस्तरका कर्मचारी तथा वडामा कार्यरत सहायक स्तरका कर्मचारी | ७ (सात) | - | |
| ६ | सवारी चालक | १० (दश) | - | |

स्पष्टीकरणः

- सरकारी तथा निजी मोटरसाईकल/स्कुटर प्रयोग गर्ने कर्मचारीलाई मात्र उल्लिखित ईन्धन सुविधा उपलब्ध गराउने ।
- वडा नं. ६, ७, ९ र ११ मा कार्यरत र एक भन्दा बढी वडाको जिम्मेवारी प्राप्त सब ईन्जिनियर/असिस्टेन्ट सब ईन्जिनियरलाई दोहोरो नपर्ने गरी मासिक थप ५ (पाँच) लिटर ईन्धन उपलब्ध गराउने ।

९. सन्धिखर्क नगरपालिकामा कार्यरत कर्मचारीहरूले प्रयोग गर्दै आएका सरकारी मोटरसाकल/स्कुटरहरूको मर्मत सम्भार गर्दा हुने खर्चमध्ये बढीमा वार्षिक रू. ७५०० (अक्षरेपी सात हजार पाँच सय रूपैयाँ) सम्मको मर्मत खर्च बापतको रकम कार्यालयबाट भुक्तानी गर्ने र निजी मोटरसाईकल/स्कुटरहरूको मर्मत खर्च भुक्तानी नगर्ने ।

**निर्णय नं. ९**

सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमका सन्दर्भमा हालसम्मको प्रगति नगरसभामा प्रस्तुत भई जानकारी हासिल गरियो । प्रस्तुत सन्दर्भमा बाँकी रहेका योजना तथा कार्यक्रमहरू निर्धारित समयमा नै सम्पन्न हुने गरी कार्यान्वयन गर्ने, गराउने ।

**निर्णय नं. १०**

सन्धिखर्क नगरपालिकाको कार्यसम्पादनका सन्दर्भमा आर्थिक वर्ष २०८०।८१ मा विभिन्न मितिमा प्रमुख प्रशासकीय अधिकृत र नगर प्रमुखस्तरबाट भएका निर्णयहरू अनुमोदन गर्ने ।

**निर्णय नं. ११**

सन्धिखर्क नगरपालिकाबाट अनुमति लिइ कार्य गर्नुपर्ने विषयमा अनुमति नलिई चोरी निकासी गर्ने कार्य गरी जरिवाना गर्नु पर्ने विषय वा अत्यन्त जरूरी परी कुनै विषयको अनुमति दिनु परेमा सन्धिखर्क नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको तर्फबाट सम्भव भएसम्म सार्वजनिक बिदाको दिनमा समेत राजस्व लिने व्यवस्था गर्ने र हालसम्म लिइएको व्यवस्थालाई अनुमोदन गर्ने ।

**निर्णय नं. १२**

चालु आर्थिक वर्ष २०८०।८१ मा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा प्रविष्ट भएका योजना तथा कार्यक्रमहरूलाई स्वीकृत भएको मानी कार्यान्वयन गर्ने, गराउने ।



CamScanner

**निर्णय नं. १३**

सन्धिखर्क नगरपालिकाको नगरसभाको १५ औं अधिवेशन देखि नगरसभाको १६ औं अधिवेशनसम्म बसेका नगर कार्यपालिकाका बैठकका निर्णयहरू अनुमोदन गर्ने ।

**निर्णय नं. १४**

सन्धिखर्क नगरपालिका वडा नं. १ र २ को मुख्य व्यापारिक क्षेत्रमा नगरसभाबाट स्वीकृत यातायात गुरूयोजनाले तोकेको न्यूनतम सेटब्याक सम्बन्धी मापदण्ड लागु हुनु भन्दा अघि नै सो क्षेत्रको अधिकांश स्थानहरूमा घर तथा भवन निर्माण भएको र केही स्थानमा मात्र नयाँ घर तथा भवन बनाउन जग्गा उपलब्ध भएकोले नयाँ निर्माण हुने घर तथा भवनहरूलाई हालको सेटब्याक सम्बन्धी मापदण्ड पालना गराउँदा सहरी सौन्दर्यतामा समेत असर पर्ने देखिएको हुँदा देहायको बजार क्षेत्रको लागि मात्र सडकको दायाँबायाँ १ मिटर सेट ब्याक कायम गर्ने र उक्त क्षेत्रमा नयाँ निर्माण हुने संरचनाहरूले पहिले निर्माण भएका घरहरूसँग सडकतर्फको साँध मिलाई नक्सा पेस गरेमा निर्माण स्वीकृति दिने:-

१. सन्धिखर्क बजारको बैंक रोड र सहायक गल्लीहरू
२. शान्ती वगैंचादेखि हललाईन सम्मको सडक
३. चुत्रावेशी बजारको दुवै गल्ली र प्रगतिबजार
४. टुडिखेल देखि पाणिनी चोक हुँदै बसपार्क सडक
५. शान्ती वगैंचा देखि मिडिया चोक तल्लो सडक
६. अर्घाखाँची पेट्रोल पम्प-मसाल बजार-पक्की पुल सम्मको सडक
७. मिडिया चोक देखि साथी होटल-बाँगी खोला हुँदै कजवे जोड्ने सडक

**निर्णय नं. १५**

सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट चालु आ.व २०८०/८१ मा खरिद तथा बिक्री (आन्तरीक आय समेत) सम्वन्धी बोलपत्र, दरभाउपत्र र सोझै खरिद भएका विषयहरूका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत तथा नगर प्रमुखस्तरबाट भए गरेका निर्णयहरूलाई अनुमोदन गर्ने ।



CamScanner

# आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य

**आदरणीय सभाध्यक्षज्यू, सभा सचिवज्यू, नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू तथा सञ्चारकर्मी मित्रहरू,**

१. सन्धिखर्क नगरपालिकाको नगर उपप्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित नगरसभामा आर्थिक वर्ष २०८१।८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएकी छु । यस गरिमामय सभामा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त गौरवको अनुभूति भएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा सिर्जित अवसरहरू, सङ्घ तथा प्रदेश सरकारका नीति, कार्यक्रम तथा वजेटमा भएका व्यवस्थाहरू समेतवाट लाभान्वित हुने दिशातर्फ यो वजेट तथा कार्यक्रम उन्मुख रहेको छ । सन्धिखर्क नगरपालिकाले हालसम्म हासिल गरेका उपलब्धिहरूलाई संस्थागत गर्दै दिगो विकास, शान्ति, सुव्यवस्था र समृद्धिको पाईलातर्फ अग्रसर हुने उद्देश्यका साथ आगामी आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रम यस सम्मानित सभामा पेस गर्ने अनुमति चाहन्छु ।

२. नेपाल सरकार र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणको रूपमा प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान तथा राजस्व बाँडफाँटको पूरा रकम प्राप्त नहुँदा यसवाट चालु आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन चुनौतीपूर्ण बनेको र आगामी आर्थिक वर्षको लागि समेत माथिल्ला तहका सरकारवाट प्राप्त हुने वित्तीय हस्तान्तरणको रकममा सङ्कुचन भएको र आन्तरिक आयका संभावित स्रोतहरू समेत न्यून रहेको परिस्थितिमा सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्दैछु । यस अवसरमा म मुलुकको अग्रगामी परिवर्तन, प्रजातन्त्र र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि इतिहासका विभिन्न काल खण्डमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. यस गरिमामय नगरसभामा वजेट प्रस्तुत गरिरहँदा सन्धिखर्क नगरवासी नागरिकका आधारभूत आवश्यकताहरूको सम्बोधन गर्दै विकास र समृद्धिको आम आकाङ्क्षालाई शीघ्र सम्बोधन गर्नुपर्ने गहन जिम्मेवारी वोध भएको छ । आजसम्म हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्न र नगरपालिकाको विकास र समृद्धिको यात्रालाई निरन्तरता दिने मार्गमा प्रस्तुत बजेटले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएकी छु । यस सम्बन्धमा सन्धिखर्क नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र, सामाजिक सङ्घ संस्था, सञ्चारकर्मी तथा आम नागरिकको प्रत्यक्ष एवम् परोक्ष सहयोग र ऐक्यबद्धता प्राप्त हुने कुरामा समेत म विश्वस्त छु ।



CamScanner

४. आगामी आर्थिक वर्ष २०८१/८२ को वजेट तर्जुमा गर्दा नेपालको संविधानले निर्दिष्ट गरेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, मौलिक हकमा व्यवस्था भएका नागरिकका आधारभूत अधिकारहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित अन्य कानूनहरू, सोह्रौं योजनाको आधारपत्र, सन्धिखर्क नगरपालिकाको प्रथम आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना, दीगो विकास लक्ष्य तथा १६ औं नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रूपमा लिएकी छु । यसका अतिरिक्त स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरू, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक सङ्घ संस्था तथा विद्धत वर्ग एवम् पेसाविद्हरूबाट प्राप्त राय सुझावहरूलाई समेत समावेश गरी वजेट तर्जुमा गरिएको छ ।

५. **सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८०/८१ को हाल सम्मको प्रगति प्रतिवेदन संक्षिप्त रूपमा सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्ष २०८०/८१ मा **चालु खर्च तर्फ** रू. ५४ करोड २३ लाख वजेट विनियोजन भएकोमा हालसम्म रू. ३७ करोड १२ लाख ९९ हजार अर्थात करिव ६९ प्रतिशत खर्च भएको छ ।

**त्यसैगरी पुँजीगत खर्च तर्फ** रू. ३७ करोड ९२ लाख ४२ हजार वजेट विनियोजन भएकोमा रू. २७ करोड २० लाख ५६ हजार अर्थात करिव ७२ प्रतिशत खर्च भएको छ ।

**सामाजिक सुरक्षा र अन्तरसरकारी अख्तियारीतर्फ** रू. १९ करोड ७८ लाख ६ हजार प्राप्त भएकोमा रू. १५ करोड ८९ लाख २० हजार अर्थात करिव ८० प्रतिशत खर्च भएको छ ।

चालु आर्थिक वर्षमा कुल **रू. १ अर्ब ११ करोड ९३ लाख ४८ हजार बजेट विनियोजन** भएकोमा हालसम्म **रू. ८० करोड २२ लाख ७५ हजार** अर्थात करिव ७१ प्रतिशत खर्च भएको छ । खर्च वेहोर्ने स्रोत अन्तर्गत आन्तरिक राजस्वतर्फ रू. ३ करोड ८० लाख सङ्कलन गर्ने लक्ष्य रहेकोमा हालसम्म रू. २ करोड ७५ लाख अर्थात लक्ष्यको तुलनामा करिव ७३ प्रतिशत राजस्व सङ्कलन भएको छ । त्यसैगरी सङ्घीय तथा लुम्बिनी प्रदेश सरकारबाट राजस्व बाडँफाँट बापत रू. १२ करोड ६७ लाख ४३ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू. १० करोड ५६ लाख ४६ हजार मात्र अर्थात करिव ८३ प्रतिशत रकम प्राप्त भएको छ । सङ्घ तथा लुम्बिनी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रू. १४ करोड ०७ लाख ६९ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू. १० करोड ७० लाख ५८ हजार मात्र अर्थात करिव ७६ प्रतिशत रकम प्राप्त भएको छ । चालु आर्थिक वर्षको जेठ र असार महिनामा सङ्घीय तथा लुम्बिनी प्रदेश सरकारबाट राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान बापतको रकम प्राप्त हुँदा समेत

आ.व. २०७९/८० को यथार्थ, चालु आ.व. २०८०/८१ को संशोधित र आगामी आ.व. २०८१/८२ को प्रस्तावित आय अनुमान

| क्र.सं. | आय शीर्षक | आ.व. २०७९/८० को यथार्थ आय रकम रू. | आ.व. २०८०/८१ को संशोधित आय अनुमान रकम रू. | आ.व. २०८१/८२ को प्रस्तावित आय अनुमान रकम रू. |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व | ३२,३२२,६१०.०० | ३८,०००,०००.०० | ३२,०००,०००.०० |
| २ | खानी रोयल्टी | - | - | ३,६९९,६५१.०० |
| ३ | वन रोयल्टी | - | - | १,२४४,१२१.०० |
| ४ | वित्तीय समानीकरण अनुदान (सङ्घ) | १३८,८४२,५००.०० | १३१,२००,०००.०० | १३२,५००,०००.०० |
| ५ | राजस्व बाँडफाँट (सङ्घ) | ८८,३५८,५०४.०० | १११,३४०,०००.०० | ११३,२५६,२२७.०० |
| ६ | वित्तीय समानीकरण अनुदान (प्रदेश) | ८,२७९,०००.०० | ९,५६९,०००.०० | ९,०५९,०००.०० |
| ७ | राजस्व बाँडफाँट (प्रदेश) | १९,२७८,५७४.०० | १५,४०३,४००.०० | १३,५६२,०००.०० |
| ८ | ससर्त अनुदान (सङ्घ) | ५२२,३९६,२२७.०० | ३९४,६००,०००.०० | ४८१,४४०,०००.०० |
| ९ | समपुरक अनुदान (सङ्घ) | २८,०००,०००.०० | २२,५००,०००.०० | १५,०००,०००.०० |
| १० | विशेष अनुदान (सङ्घ) | २९,४००,०००.०० | २७,०००,०००.०० | - |
| ११ | ससर्त अनुदान (प्रदेश) | ११,०००,०००.०० | १६,९५०,०००.०० | १५,६९३,०००.०० |
| १२ | समपुरक अनुदान (प्रदेश) | २०,०००,०००.०० | १५,०००,०००.०० | १०,५००,०००.०० |
| १३ | प्रदेश विशेष अनुदान | ७,७७९,७८०.०० | ७,०००,०००.०० | - |
| १४ | सडक वोर्ड कार्यक्रम | २,९८९,०४०.०० | ६,५००,०००.०० | ७,०००,०००.०० |
| १५ | सामाजिक सुरक्षा | १९७,५२६,९५८.०० | १९२,५००,०००.०० | १९४,४३६,७००.०० |
| १६ | अन्य आय (अन्तरसरकारी र सञ्चित कोष समेत) | ७६,१७३,६१४.०० | २६,९३७,६००.०० | ४१,७२६,८०१.०० |
|  | जम्मा | १,१८२,३४६,८०७.०० | १,०१४,५००,०००.०० | १,०७१,११७,५००.०० |

अनुसूची-३

# विनियोजन विधेयक, २०८१

न्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोपबाट केही रकम नियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

स्तावनाः

न्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषवाट व्यय हुने रकम नियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

गरसभाले यो विधेयक बनाएको छ ।

. **सङ्क्षिप्त नाम र प्रारम्भः**

(१) यस विधेयकको नाम सन्धिखर्क नगरपालिकाको विनियोजन विधेयक, २०८१ रहेको छ ।

(२) यो विधेयक प्रमाणीकरण भए पश्चात् संवत् २०८१ साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

. **आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८१/८२ को निमित्त नगरस्तरीय आयोजना तथा कार्यक्रम, वडास्तरीय आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रमतर्फ गरिने सेवा र कार्यहरूका निमित्त **अनुसूची-१** मा उल्लिखित चालु खर्च र पुँजीगत खर्चको रकम समेत गरी जम्मा रकम **रू. १,०७,११,१७,५००।०० (अक्षरेपी एक अर्ब सात करोड एघार लाख सत्र हजार पाँच सय रुपैयाँ मात्र)** मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोपबाट खर्च गर्न सकिनेछ ।

. **विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोपबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त नगरस्तरीय आयोजना तथा कार्यक्रम, वडास्तरीय आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरस्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रमतर्फ गरिने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले वचत हुने शीर्षकवाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा वढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुंजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च वेहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।



CamScanner

## अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

### नेपालको संविधानको धारा २२९ (२) वमोजिम आर्थिक वर्ष २०८१/८२ मा सञ्चित कोषवाट विनियोजन हुने रकम

(रू.)

| शीर्षकको नाम | चालु खर्च तर्फ विनियोजित बजेट | पुंजीगत खर्चतर्फ विनियोजित बजेट | वित्तीय व्यवस्थातर्फ विनियोजित बजेट | कुल विनियोजित बजेट |
|---|---|---|---|---|
| नगरस्तरीय कार्यक्रम | १४९१३४००० | १८३७०६८०० | - | ३३२८४०८०० |
| वडास्तरीय कार्यक्रम | ९६००००० | ५२८००००० | - | ६२४००००० |
| विषयगत शाखा | ५७५०५६७०० | १००८२०००० | - | ६७५८७६००० |
| ऋणको सावाँ ब्याज भुक्तानी | - | - | - | - |
| लगानी (शेयर/ऋण) | - | - | - | - |
| जम्मा | ७३३७९०७०० | ३३७३२६८०० | | १०७१११७५०० |

अनुसूची-४

# आर्थिक विधेयक, २०८१

वनाः

ाखर्क नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका निमित्त ाीय कर, शुल्क, दस्तुर र जरिवाना सङ्कलन गर्न, छुट दिन तथा अन्य आय सङ्कलन को प्रशासनिक व्यवस्था गर्न ञ्नीय भएकोले,

सभाले यो विधेयक वनाएको छ ।

**सङ्क्षिप्त नाम र प्रारम्भः**

(१) यस विधेयकको नाम आर्थिक विधेयक, २०८१ रहेको छ ।

(२) यो विधेयक प्रमाणीकरण भए पश्चात् विक्रम संवत् २०८१ साल श्रावण १ गते देखि सन्धिखर्क नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

**सम्पत्ति करः**

(१) नगरक्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको स्थायी संरचना (घर, टहरा, गोदाम आदि समेत) र सो संरचनाले चर्चेको जग्गा र सो वरावरको क्षेत्रफलको थप जग्गा समेतमा एकीकृत रूपमा मूल्याङ्कन गरी सम्पत्ति कर लगाइने र असुलउपर गरिनेछ ।

(२) उपदफा (१) वमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची-१ वमोजिम र सम्पत्तिको मूल्याङ्कन अनुसूची-२, अनुसूची-४ र अनुसूची-५ वमोजिम हुनेछ ।

(३) सम्पत्ति कर वुझाउने कुनै करदाताले आफ्नो नाममा रहेको सम्पत्ति लुकाई वा खण्डीकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पत्तिको मूल्याङ्कनमा लाग्ने कर रकममा पूर्व बुझाएको रकम घटाई वाँकी रहने रकममा ५० प्रतिशतले हुने थप रकम जरिवाना गरी असुल गरिनेछ।

**भूमिकर (मालपोत):**

(१) नगरक्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा अनुसूची-५ बमोजिम एकीकृत मूल्याङ्कन गरी भूमिकर (मालपोत) लगाइने र अनुसूची-३ वमोजिम असुलउपर गरिनेछ । तर दफा २ वमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) लगाइने छैन ।

(२) भूमीकर (मालपोत) बुझाउने कुनै करदाताले आफ्नो नाममा रहेको जग्गा जमिन लुकाई वा खण्डीकरण गरी वा नदेखाई भूमीको मूल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक जग्गा जमिनको मूल्याङ्कनमा लाग्ने कर रकममा पूर्व बुझाएको रकम घटाई वाँकी रहने रकममा ५० प्रतिशतले हुने थप रकम जरिवाना गरी असुल गरिनेछ ।

**घर जग्गा बहाल करः**

(१) कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको १० प्रतिशतका दरले वहाल कर लिइनेछ ।

(२) वहाल कर निर्धारण गर्ने प्रयोजनको लागि भाडाको न्यूनतम दर अनुसूची-६ बमोजिम हुनेछ।

(३) सरकारी/सार्वजनिक जग्गामा भवन बनेको भएपनि उक्त भवन व्यावसायिक प्रयोजनमा भाडामा लगाएको पाइएमा अनुसूची-६ बमोजिम बहाल दर निर्धारण गरी उपदफा (१) र (२) वमोजिम वहाल कर लगाई असुल गरिनेछ ।

(४) जग्गा वहालमा लिई भवन संरचना निर्माण गरी वा संरचना वहालमा लिई तेस्रो पक्षलाई पुनःवहालमा लगाएकोमा उक्त बहाल रकममा समेत १० प्रतिशतका दरले बहाल कर लगाइनेछ । यसरी लगाइने वहाल कर जग्गा वा संरचना पहिल्यै बहालमा लिएको रकममा घटाई वाँकी वहाल रकममा मात्र बहाल कर लगाइनेछ ।

वसाय करः

१) नगरक्षेत्र भित्र व्यवसाय गर्ने गरी दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा संस्थालाई व्यवसायको लगानी, आर्थिक कारोबार, स्थान र प्रकृतिका आधारमा अनुसूची-७ बमोजिम व्यवसाय कर लगाई असुलउपर गरिनेछ ।

२) उपदफा (१) बमोजिम व्यवसाय कर असुली गर्दा बैङ्क तथा वित्तीय संस्था र सुपर मार्केटहरूको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग अलग एकाइ मानी असुलउपर गरिनेछ।

डीबुटी, कबाडी र जीवजन्तु करः नगरक्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, काठ, बनकस, वाडी माल र प्रचलित कानुनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, ांख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरे वापत अनुसूची-८ बमोजिमको कर लगाइने र असुलउपर रेनेछ।

वारी साधन करः प्रचलित कानुन वमोजिम नगरक्षेत्र भित्र सञ्चालन गर्ने गरी दर्ता भएका वा हुने रिक्सा, अटो क्सा र ई-रिक्सामा सवारी साधनमा अनुसूची-९ बमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिनेछ । न्य सवारी साधनको हकमा प्रदेश कानुनमा तोके वमोजिम हुनेछ ।

ज्ञापन करः नगरक्षेत्र भित्र हुने सबै प्रकारको विज्ञापनमा अनुसूची-१० बमोजिम विज्ञापन कर लगाइने र असुलउपर रेनेछ।

ोरञ्जन करः नगरक्षेत्र भित्र शुल्क लिई प्रचलित कानुन वमोजिम सञ्चालन गरिने मनोरञ्जन व्यवसायमा लुम्बिनी श सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असुलउपर गरिनेछ ।

ाल बिटौरी शुल्कः नगरपालिकाले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक, ऐलानी, पर्ति जग्गा वा ानमा हाटवजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची-११ मा भएको व्यवस्था ोजिम वहाल विटौरी शुल्क लगाई असुलउपर गरिनेछ।

ारी साधन पार्किङ शुल्कः नगरक्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची-२ वमोजिम सवारी साधन पार्किङ शुल्क लगाई असुलउपर गरिनेछ। पार्किङ व्यवसाय सञ्चालन गर्न चाहने कुनै ा व्यक्ति वा संघ सस्था वा कम्पनीले नगरवाट पूर्व अनुमति लिनुपर्नेछ।

किङ्ग र न्याफ्टिङ शुल्कः नगरक्षेत्र भित्र ट्रेकिङ्ग वा र्या न्याफ्टिङ सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची- वमोजिमको शुल्क लगाइने र असुलउपर गरिनेछ ।

ा शुल्क, दस्तुरः

) सन्धिखर्क नगरपालिकाले निर्माण, सञ्चालन, व्यवस्थापन वा नियमन र सेवा प्रवाह गरेका अनुसूची-१४ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचीमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असुलउपर गरिनेछ ।

उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१५ मा उल्लिखित विषयमा सिफारिस गर्दा कुनै पनि किसिमको शुल्क लिईने छैन।

टक प्रवेश शुल्कः नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण भएका उद्यान, पार्क आदिमा प्रवेश गर्ने पर्यटकहरूवाट सूची-१६ मा उल्लिखित दरमा पर्यटक प्रवेश शुल्क लिइनेछ।

: जरिवानाः सन्धिखर्क नगरपालिकाले आफ्नो क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी न पार्किङ वा व्यापार व्यवसाय वा फोहरमैला गर्ने तथा प्रचलित कानुन विपरीतका अन्य कार्य गर्नेलाई अनुसूची- वमोजिम जरिवाना गरिनेछ। यस व्यवस्थामा नगर कार्यपालिकाले समय समयमा थपघट तथा पुनरावलोकन सक्नेछ।

ग्गा रजिस्ट्रेसन शुल्कः नगरक्षेत्र भित्रका घर जग्गा वा अन्य सम्पत्तिहरूको रजिस्ट्रेसन गर्दा अनुसूची-१८ जिम घरजग्गा रजिस्ट्रेसन शुल्क लगाई असुलउपर गरिनेछ।